# निर्णयहरु

<table>
<tr><th>सि.न.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>समिक्षा सम्बन्धमा</td><td>मिति २०८२।०६।०७ गतेको बैठकबाट भएका सबै निर्णय कार्यान्वयनको समिक्षा गरियो</td></tr>
<tr><td>२</td><td>संस्था दर्ता सम्बन्धमा</td><td>कनकाई नगरपालिकाको संस्था दर्ता ऐन २०७८ को दफा ४ बमोजिम श्री नवजागरण सामाजिक एकता क्लब कनकाई नपा ७ र गरमकाली मन्दिर समिति कनपा ८ लाई संस्था दर्ता गर्ने।</td></tr>
<tr><td>३</td><td>जरिवाना छुट सम्बन्धमा।</td><td>कनकाई नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायीक भवन/ सटरहरुको सम्झौता बमोजिम प्रत्येक महिना बुझाउनुपर्ने भाडा रकम मिति २०८२ भाद्र २३ र २४ गते भएको Gen-Z को आन्दोलनका कारण भाद्र महिनामा नगरपालिकाको कार्यालय र वडा कार्यालयको सेवा अवरुद्ध भएकाले भाद्र महिनाको कोठा भाडा (आर्थिक ऐन २०८२ )ले तोकेको जरिवाना बाहेक) वापतको रकम मिति २०८२ कार्तिक १५ गतेसम्म बुझाउने गरि जरिवाना छुट गर्ने।</td></tr>
<tr><td>४</td><td>घ वर्गको लाइसेन्स नामसारी सम्बन्धमा।</td><td>कनकाई नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५ (पहिलो संशोधन २०८२ सहित) दफा ३ क बमोजिम श्री ऋषि बुढाथोकी दमक न पा १४ झापाको नाममा रहेको श्री आर.टि. पाथिभरा निर्माण सेवा प्रा.लि को इजाजत कनकाई नपा-३, झापा श्री मेदनी प्रसाद पाठकको नामसारीका लागि प्राप्त प्राविधिक तथा अनुगमन समितिको सिफारिस बमोजिम निजको नाममा नामसारी तथा इजाजत पत्र प्रदान गर्ने।</td></tr>
<tr><td>५</td><td>बिरिङ खोलाको सम्झौता अनुमोदन सम्बन्धमा।</td><td>कनकाई नगरपालिका कार्यालयबाट प्रकाशित गरिएको मिति २०८२/०५/०९ गतेको ठेक्का नं KANAKAI/IR/2082/83-05 को सूचना बमोजिम बिरिङ्ग नदीको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री वितरणका मिति २०८२ साल असोज २३ गते श्री गैडे निर्माण सेवा कनपा ३ झापा र कनकाई नगरपालिका बीच भएको तपशिल बमोजिमको सम्झौता अनुमोदन गर्ने।
<table>
<tr><th>क्र स</th><th>ठेक्का सम्झौता नं</th><th>कवोल रकम (रु)</th><th>१० प्रतिशत छुट (रु)</th><th>भ्याट रकम (रु)</th><th>ठेक्का सम्झौता (रु)</th></tr>
<tr><td>१</td><td>KANAKAI/IR<br>/2082/83-05</td><td>१,८५,८५,५५४.९९</td><td>१६४४७३९.३८</td><td>२१३८१६१.२०</td><td>१४८०२६५४.</td></tr>
</table></td></tr>
<tr><td>६</td><td>विपद व्यवस्थापन सम्बन्धमा।</td><td>मिति २०८२ असोज १८ र १९ गतेका दिन आएको अविरल वर्षाका कारण कनकाई नगरपालिका क्षेत्रभित्र वर्षाका कारण भएका क्षतिको विवरण प्रहरी मुचुल्का सहित प्रत्येक वडाबाट संकलन गर्ने।</td></tr>
<tr><td>७</td><td>एसियन हाइवेको नदीजन्य पदार्थ मागको पत्र सम्बन्धमा।</td><td>एसियन हाइवे काकडभिट्टा लोकही सडक योजना पूर्वी खण्ड दमकको मिति २०८२।०६।०७ चं.नं.२८ गतेको पत्रानुसार कनकाई माइ नदीबाट ३५ हजार घन मिटर नदीजन्य पदार्थ माग भइ आएको साथै कनकाइ नगरपालिकाले कनकाई नदीमा एसियन हाइवेको कनकाई नदीको पुल उत्तर तर्फ IEE समेत गरी सकेको र सो नदी शिवसतासी नगरपालिका र कनकाई नगरपालिकाको सीमानामा पर्ने भएकोले दुवै नगरपालिका र सरोकारवाला बीच छलफल गरेर सहमतीका आधारमा जिल्ला विपद् ब्यवस्थापन समितिमा नदीजन्य पदार्थ ब्यवस्थापनका लागि संयुक्त रुपमा सिफारिस गर्न पहल गर्ने।</td></tr>
<tr><td>८</td><td>घ वर्गको इजाजत सम्बन्धमा।</td><td>कनकाई नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५ (पहिलो संशोधन २०७७ समेत) अनुसूची ५ बमोजिम योग्यता पुगेको श्री पाउ पाथिभरा बिल्डर्स प्रा लि कनपा ३ झापाले संस्था दर्ताका लागि पेश गरेको निवेदानुसार प्राविधिक तथा अनुगमन समितिको सिफारिस बमोजिम घ वर्गको इजाजत पत्र जारी गर्ने।</td></tr>
</table>

२०८२।६।२९

Scanned with CamScanner

| | | |
|---|---|---|
| ९ | बहुउद्धेश्य भवन सम्बन्धमा। | कनकाई नगरपालिका वडा नं ३ मा निर्माण हुन लागेको बहुउद्धेश्य भवनको प्रारम्भिक स्ट्रक्चर र लागत अनुमान सम्बन्धी प्रतिवेदन माथि छलफल गरि प्राप्त सुझावहरुलाई समेटी आगामी कार्यपालिका बैठकमा अन्तिम प्रतिवेदन पेश गर्न सहमति प्रदान गर्ने। |
| १० | चाडपर्व खर्च सम्बन्धमा। | कनकाई नगरपालिकाका जनप्रतिनिधिहरुलाई गाउँ तथा नगरसभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ को उपदफा ४ बमोजिम आ.व २०८२।०८३ को चाडपर्व खर्च उपलब्ध गराउने। |
| ११ | निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा | संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ११३ मिति २०८२।०६।०८ गतेको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा तथा अर्थ मन्त्रालयको च. नं. ११८ मिति २०८२।०६।०७ गतेको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा बिषयको १० बुदे परिपत्र कार्यान्वयन गर्ने। |
| १२ | करार कर्मचारी सम्बन्धमा। | अर्थ मन्त्रालयको च. नं. ११८ मिति २०८२।०६।०७ गतेको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा बिषयको १० बुदे परिपत्रको बुदा नं ५ को ङ को निर्देशन बमोजिम कनकाई नगरपालिकामा दरबन्दी भन्दा बाहिर कार्यरत रहेका कर्मचारीहरुको विवरण यकिन गरि आगामी कार्यापालिका वैठकमा प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको समिति गठन गरियो।<br>तपशिल<br>लेखा अधिकृत श्री क्षेत्रनाथ शर्मा - संयोजक<br>अधिकृत आठौं श्री जमुना कटुवाल- सदस्य<br>अधिकृत छैठौं श्री अनुप प्रसाद रेग्मी – सदस्य सचिव |
| १३ | सहयोग सम्बन्धमा। | साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना अन्तरगत हेफर प्रोजेक्ट नेपालले मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा भौतिक जनधनको क्षति भएको परिपेक्षमा यस कनकाई नगरपालिकालाई सहयोग गर्नका लागि प्रतिवद्धता प्राप्त भएकाले नगरपालिकाको मर्मत र रंगरोगन, कम्प्युटर, फर्निचर लगायतका जिन्सी सामग्री मात्र सहयोग स्वीकार गर्ने। |
| १४ | समिति गठन सम्बन्धमा | चालु आर्थिक वर्षको योजना तथा कार्यक्रम अन्तरगत खर्च कटौती तथा योजना संसोधन गर्न आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने गर्न देहाय वमोजिमको समिति गठन गर्ने।<br>क. संयोजक- कृष्ण बहादुर राई<br>ख. सदस्य- भिष्म भुषण सिटौला<br>ग. सदस्य- लक्ष्मी कटुवाल<br>घ. सदस्य – आर्थिक प्रशासन शाखा प्रमुख, क्षेत्रनाथ शर्मा<br>ङ. सदस्य सचिव – योजना शाखा प्रमुख, बद्री कुमार दाहाल |
| १५ | आयव्यय विवरण सम्बन्धमा | कनकाई नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक अवधिमा भएको आयव्ययको विवरण माथि छलफल गरी समिक्षा गरियो। |
| १६ | संस्थागत सहयोग सम्बन्धमा | कोटीहोममा रहेको विद्युतीय शृव गृहमा मार्वल \ टाईल्स लगाउन रु १,५०,००० अक्षेरुपि रकम रु एक लाख पचास हजार मात्र उपलब्ध गराउने। साथै धनुष्कोटी धाममा पानी व्यवस्थापन गर्न जे.सि.बि. उपलब्ध गराउने। |
| १७ | IEE सम्बन्धमा | कनकाई नगरपालिका भित्र बहने सुरुङ्गा खोलाको IEE गर्न प्रकृया अघि बढाउने। |

२०८२।०६।२९

Scanned with CamScanner